नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-३११ दायर मितिः-२०८१/१२/१९**

**फैसला मितिः-२०८२/०४/१९**

**वादी**

**प्रदिप प्रसाद यादवको जाहेरीले**

**नेपाल सरकार.........................१**

**प्रतिवादी**

**जिल्ला पर्सा पटेर्वासुगौली गा.पा.वडा नं.१ वस्ने रामबाबु मुखियाको छोरा वर्ष २१ को अरुण मुखिया समेत ३ जना ............................१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्दै अभद्र व्यवहार गरेकोभन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का
३. हामी जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरु अरुण मुखिया र राकेश भन्ने जगदिश मुखियाको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्दै अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सहमद अली समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु अरुण मुखिया र राकेश भन्ने जगदिश मुखिया यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।१२।११ गते अ.१२:०० बजेको समयमा जिल्ला पर्सा पटेर्वासुगौली गा.पा.वडा नं.१ स्थित सडकमा प्रतिवादीहरु अरुण मुखिया, राकेश भन्ने जगदिश मुखिया र अरबिन्द मुखियालाई फेला पारी मेरो हराएको मोटरसाईकल सम्बन्धमा सोधपुछ गर्दा निजहरुले आवेशमा आई उल्टै गाली गलौज तथा हातपात समेत गर्दै अभद्र व्यवहार गरेको हुँदा निजहरुलाई कानुन बमोजम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको प्रदिप प्रसाद यादवको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरु अरुण मुखिया र राकेश भन्ने जगदिश मुखियाले गरेको बयान तथा प्रतिवादीहरु अरुण मुखिया र राकेश भन्ने जगदिश मुखिया यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीहरु अरुण मुखिया, राकेश भन्ने जगदिश मुखिया र थमाउने म्याद समेत गुजारेका अर्का प्रतिवादी अरबिन्द मुखियाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीहरुलाई फेला पारी जाहेरवालाले हराएको मोटरसाईकल सम्बन्धमा सोधपुछ गर्दा निज प्रतिवादीहरुले आवेशमा आई उल्टै गाली गलौज तथा हातपात समेत गर्दै अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु अरुण मुखिया र राकेश भन्ने जगदिश मुखियालाई लाई कैद ८ दिन र जनही जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र र थमाउने म्याद समेत गुजारेका प्रतिवादी अरबिन्द मुखियालाई कैद ३ महिना र जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र हुने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु अरुण मुखिया र राकेश भन्ने जगदिश मुखियालाई ठहरेको कैद ८ दिनको हकमा निजहरु मिति २०८१/१२/११ देखि २०८१/१२/१८ हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा निजहरुले क्रमशः र.न. र.नं.२७८ र २७९/२०८१/१२/२० बाट दाखिला गरेको जनही धरौटी रकम रु.१००००/- बाट जनही जरिवाना रु.१००००/- कट्टी गरी मिनाहा गर्नु र प्रतिवादी अरबिन्द मुखियालाई ठहरेको कैद ३ महिना भुक्तान गराउन र जरिवाना रु.१००००/- असुल उपर गर्न जिल्ला प्रहरी कार्यालय, पर्सालाई पत्र लेख्नु --------------------------------------------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी उपस्थित प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु-----------------------------------------------------------------------------------------१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८२ श्रावण महिना १९ गते सोमवार रोज २/ ने.सं. ११४५ गुंलाथ्व दशमी, शुभम् .......